- प्रत्येक सुत्केरी महिलालाई यातायात खर्च वापत रु. २,०००।-, कर्णाली पोषण कोसेली वापत रू. २,०००।- र ANC जाँच ४ पटक गरे वापत रू. ८००।- गरी जम्मा रू ४,८००।- पनि प्रदान गरिन्छ ।

## सुत्केरी अवस्थाका खतराका लक्षणहरू

- सुत्केरी अवस्थामा ह्वाल-ह्वाल रगत बग्नु
- बेस्सरी टाउको दुख्नु
- रिँगाटा लाग्नु
- तल्लो पेट बेस्सरी दुख्नु
- मुर्छा पर्नु
- बेस्सरी ज्वरो आउनु
- योनीबाट गनाउने पानी बग्नु
- बल्ड प्रेसर बढ्नु आदि ।



**यदि कुनै महिलालाई यस्ता लक्षण देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्छ ।**



**कोरोना संक्रमण देखिएमा १०-१५ दिन अलग्गै बस्नु पर्दछ ।**


कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत

फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००

इमेलः provincehospitalsurkhet@gmail.com





# सुरक्षित प्रसूति फाँट

**अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।**

# सुरक्षित प्रसूति फाँट



जिल्ला अस्पतालको स्वरुपमा स्थापनाकालदेखि नै आफ्नो सेवा सुविधालाई निरन्ता दिँदै हाल आएर प्रदेश अस्पताल अन्तर्गत प्रसूति फाँटबाट अब्बल र भरपर्दो सेवा प्रदान गर्न सफल यस फाँटबाट महिलाहरुलाई धेरै नै सेवा सुविधा प्रदान गर्दै आएको छ ।

नेपाल सरकारले पनि महिला हक, अधिकार, सुस्वास्थ्य सेवालाई लचिलो र भरपर्दो बनाउने उद्देश्यलाई साकार पार्न यस प्रदेश अस्पताल निरन्तर रुपमा लागिपरेको कुरा सम्पूर्ण सेवाग्राहीमा जानकारी गराउँदछौ ।

हरेक वर्ष यस अस्पतालको सामान्य प्रसूति लगभग ५००० भन्दा बढी प्रतिवर्ष र शल्यक्रियाद्वारा प्रसूति १५०० भन्दा बढी प्रतिवर्ष गराउँदै आएको छ । यो सेवा अत्यन्त भरपर्दो र प्रभावकारी बनाउनलाई सेवाकर्मीहरुद्वारा प्रयास गरिहेका छन् । प्रसूति सेवालाई उच्च गुणस्तरीय बनाई आमा तथा नवजात शिशुको जीवन रक्षा गर्नु र मृत्युदर घटाउनु यसको मुख्य लक्ष्य रहेको छ ।

विगत धेरै वर्ष अघिदेखि कर्णाली भेगका दूरदराजका सुत्केरी व्यथाले छट्पटाई बच्चा पाउन नसकेको अवस्थामा Air Ambulance द्वारा महिलालाई सुरक्षित अवतरण गराई सेवा प्रदान गरिँदै आएको छ । यो सेवा नेपाल सरकारद्वारा निःशुल्क रुपमा प्रदान गरिँदै आएको छ । यसबाट कतिपय आमा र बच्चाको अकालमै ज्यान जानबाट रोक्न अस्पताल सफल भएको छ ।

## महिला प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी

- बीस वर्ष पुगेपछि मात्र बिहेवारी गर्नुपर्छ ।
- सानो उमेरमै जथाभावी गर्भपतन गराउनु हुँदैन ।
- अनिच्छित गर्भ रहेमा सूचीकृत स्वास्थ्य संस्थामा गएर सुरक्षित गर्भपतन सेवा लिनुपर्छ ।
- सुनियोजित गर्भ रहेमा कम्तीमा नियमित ८ पटक नजिकैको स्वास्थ्य संस्थामा गएर गर्भ जँचाउनु पर्छ ।
- सुत्केरी गराउन तालिम प्राप्त स्वास्थ्यकर्मी भएको संस्थामा जानुपर्छ ।
- नेपाल सरकारका सबै स्वास्थ्य संस्थामा यो सेवा सुरक्षित रुपमा निःशुल्क प्रदान गरिन्छ ।




